नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आश्विन/कार्तिक २०७७ (October 2020) वर्ष २४/अङ्क २८०

## प्रत्येक कुराको लागि समय छ

– एल्डर ग्रेस खालिङ

वर्तमान समय अनि दिनहरू, परिस्थितिले, समयले ल्याएको खतरा, डर, तनाव, कहिल्यै नसोचेका घटनाहरू, व्यवहारहरू, वास्तविकता हामी देख्दैछौं । कस्तो समय आयो ? कोरोना भाइरसको संक्रमणको त्रासमा कहिले सम्म, कति लामो समयसम्म हामी यसरी लकडाउन र निषेधित रूपमा जिउनुपर्ने हो ? अब त सहन, जिउन, परिवार पाल्न, घरपरिवारको खाँचो पूरा गर्न पनि कठिन भइसक्यो । आफन्तहरूसँगको भेटघाट, अफिसको सामान्य वातावरण, साथीभाइहरूसँग बस्ने, त्यो भन्दा पनि मुख्यतः सेवा-संगति, यी सबै टाढाका कुराहरू भइसके । किनकि कोभिड-१९ को कारण होशियारी अपनाउनुपर्ने, बिरामी र पीडित आफन्तहरूलाई समेत भेट्न नपाइने कस्तो समय आयो ! यस राष्ट्रमा मात्र नभई चारैतिर यही स्थिति रहेको हामी जान्दछौं । तर यस्तो समयमा हामीलाई सान्त्वना दिने, ढाडस दिने चाहिँ, प्रभुसँग बिताउने समय नै रहेछ । घरमै बसेर काम गरेपनि प्रार्थनाको समय, वचनभित्र खोतल्ने, खोज्ने, पढ्ने समय हामीले पाएका छौं । वचनको सानो खण्ड नै किन नहोस्, ती खण्डहरू पढ्दा मेरा आँखाहरू ठूलो भएर आउँछ, मुटु फुलेर आएको जस्तो हुन्छ, यस्तो वचन पनि छ ? यस्तो पनि लेखिएको रहेछ ? मैले यो भन्दा अघि देखेकै थिइनँ, जानेकै र बुझेकै थिइनँ । यो ता मेरै निम्ति रहेछ । साँच्चै, वचनमा के छैन र ? अझ थोरै मात्र भेटेकी छु, भेट्टाउन अझै बाँकी छ जस्तो महसुस हुन्छ ।

दाऊद राजाका छोरा सोलोमनले लेखेका ३ पुस्तक छन्, ती मध्येका उपदेशकको पुस्तक गज्जबको पुस्तक लाग्दछ । सोलोमनको विषयमा याद गर्नुपर्दा, सायद यो पुस्तक लेखिएको समयमा, राजा सोलोमनले आफ्नो शासनकालको त्यो अन्तरालमा, जीवनको त्यो समयमा, जहाँ तिनले इच्छा लागेका, चाहना गरेका, सबै गरिसिध्याएका, जीवनको यर्थाथता, गहिराई र अर्थ बुझिसकेका, त्यस युगका सबभन्दा ज्ञानी र धनी राजाले हासिल गर्न सक्ने, प्राप्त गर्न सक्ने सबै भ्याइसकेका थिए । त्यसैले हामीले यस्ता गहकिला वचन पढ्न पाइरहेछौं । मलाई अहिलेको समयमा अत्यन्तै मनमा, हृदयमा छोएको उपदेशक ३:१-८ पदहरू छन् । छोएको मात्र नभएर चकित पनि भएकी छु । शीर्षकमा लेखिएझैं प्रत्येक कुराको लागि समय छ । ३:१ पदले स्पष्टसँग देखाउँछ, “आकाशमुनि सबै क्रियाकलापको समय छ ।” २-८ सम्मका पदहरू हेर्‍यौं भने २८ वटा क्रियाकलापहरू हामी त्यहाँ देख्दछौं । अझ ५ पदको दोस्रो भागमा यस्तो लेखिएको पाएँ “अँगाल्ने एउटा समय छ, र अलग रहने एउटा समय ।” अहिलेको समयसँग मिल्ने क्रियाकलाप पो रहेछ । परिवारलाई भेट्दा, साथीसंगी र नजीककाहरूसँग भेट हुँदा अभिवादनको रूपमा हामी अँगालो हाल्ने गर्छौं । अँग्रेजीमा यसलाई (हग) Hug भनिन्छ । शायद एक-अर्काको बीचमा रहेको निकटता देखाउनलाई हो कि ! अहिलेको समयमा साँच्चै नै, कोरोना भाइरसबाट बच्न कमसेकम २ मिटरको दूरी राख्नुपर्ने, अलग रहनपर्ने, कायम गर्नुपर्ने अरू पनि नियमहरूमध्ये यी मुख्य छन्, जुन हामीले पालना गर्नैपर्छ । नजीकको सम्पर्क अथवा अँगाल्ने समय अहिलेको निम्ति निश्चय नै हानिकारक रहेछ ।

उपदेशकका यी पदहरू नपढेको होइन, तर अझै पढ्दै जाँदा अझै रहस्यका कुराहरू भेट्टाएँ । ४:११ मा ३ वटा मुख्य बुँदाहरू पनि पाएँ : १) उहाँले हरेक कुरालाई आफ्नो समयमा सुन्दर बनाउनुभएको छ; २) उहाँले मानिसको हृदयमा अनन्तता पनि राखिदिनुभएको छ; ३) तापनि तिनीहरूले परमेश्वरले आदिदेखि अन्त्यसम्म के गर्नुभएको छ, त्यसको गहिराइलाई बुझ्न सक्दैनन् । अलग रहने जरूरी त्यो समयमा हुन्छ, जब कुनै रूढी, सरूवा रोग महामारी बनेर फैलिन्छ, अहिलेको समयमा जस्तै । महामारी, संक्रमण, मृत्यु यति मात्र सुनिरहेछौं, अनि अलग्गै बस्नुपर्ने रहेछ भन्ने जान्यौं, तर ११ पदमा लेखिएका महत्वपूर्ण पदहरूलाई त मैले बुझेकै थिइनँ ।

वर्तमान समयलाई हेरिरहेका छौं, रोगको रोकथाम, संक्रमणको डर, यस्तैहरू नियाली रहेछौं । अविश्वास र शंका पनि उठिरहेछ । तर हाम्रो निम्ति, परमेश्वरको वचनमा हर समयको निम्ति उदेकका वचनहरू छन् । कुनै कुराको कमी छैन । एकातिर हाम्रो वर्तमान र वास्तविकता छ भने, अर्कोतिर २ कोरिन्थी ४:१७ ले भनिरहेछ, “किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान महिमा तयार गरिरहेछ । हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन् तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन् ।” अहिलेको जस्तो महामारी, भयावह स्थिति, विश्वको इतिहासमा यो भन्दा अघि पनि नआएको होइन । विश्वले यस्तो महामारी देखिसकेको छ, । लाखौं मानिसहरूले यसरी नै ज्यान गुमाइसकेका छन् । यसरी नै मानिसहरूलाई संक्रमित हुनबाट बचाउन अलग बस्नपर्ने समय र नियमहरू कायम गरिएको थियो । तर यो समय पनि बितेर जाने समय हो ।

हाम्रो कष्ट र गाह्रो परिस्थिति, डर, त्रासको समय र अलग रहनुपर्ने, यी सबै पनि क्षणिक मात्रै हुन्, तर यसको ठूलो उद्देश्य

छ । यो परिस्थितिले, कष्टले हामीलाई तुलना गर्न नसकिने अनन्त महिमाको निम्ति तयार गरिरहेछ । अहिलेको गाह्रो समय अनि कष्टले सो महिमा हासिल गरिरहेछ, अझ हामीले सामना गरिरहेको कष्ट र गाह्रो समयलाई माथ गर्ने, तुलना नै गर्न नसकिने महिमा पो हो भन्ने मैले थाहा गर्न सकें । हाम्रो हृदयमा परमेश्वरले अनन्तता राखिदिनुभएकोले हामी अदृश्य कुरालाई हेर्छौं, किनकि अदृश्य कुराचाहिँ अनन्तसम्म रहिरहने हुन्छ ।

उपदेशक ३:११ अनुसार हामीले यो बुझ्नुपर्ने रहेछ । परमेश्वरले हरेक कुरालाई, आफ्नो समयमा सुन्दर बनाउनुभएको छ । अलग रहने समयको पनि उद्देश्य छ, यो आदिदेखिको परमेश्वरको काम हो, तर हामीले, अझ परमेश्वरका छोराछोरीले, उहाँका आदिदेखि अन्तसम्मका कामहरू, उहाँले के गर्नुभएको छ, कुन योजनाले गर्दै हुनुहुन्छ, त्यसको गहिराइलाई बुझ्न सकेका छैनौं । उहाँले कहिल्यै पनि भुल गर्नुहुन्न । उहाँले काम गर्नुहुन्छ, अनि आफ्नो अदृश्य गुण, अनन्त शक्ति, महानता, उहाँको सिद्धता र सुन्दरतामा गर्नुहुन्छ । वचनमा हाम्रो लागि सबै दिइएको छ, अहिलेको अलग बस्ने समय, यी कुराहरू, रहस्यहरू खोज्ने, भेट्टाउने अनि जान्ने मौका हो ।

# विशेष् प्रार्थना

१. देशको राष्ट्रपति, उप राष्ट्रपति, प्रधानमन्त्री, उप प्रधान मन्त्री, मुख्य मन्त्री, मन्त्री मण्डल, राजनैतिक पार्टीहरू साथै सम्पूर्ण पदाधिकारीहरूको निम्ति प्रार्थना गरिदिऔं साथै देशको सामाजिक, आर्थिक, भौतिक क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नतिको लागि प्रार्थना गरिदिऔं

२ अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. विभिन्न माध्यमहरूद्वारा प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून भनी प्रार्थना गरिदिऔं ।

४. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा सुसमाचार प्रचारको काममा बोझसाथ लागिपर्न सकून् ।

५. सेवा संगति, प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

६. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै आफै पनि ख्रीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

७. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

८. सारा विश्वभरि फैलिरहेको महामारीको कारण आर्थिक स्थिति कम्जोर भएका, बिरामी हुनुभएकाहरू, शोकमा परेका परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।

९. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

१०. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

## जानकारी



शेषमति बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्री राजु बहादुर सुनार ३२ वर्षको उमेरमा श्रावण ५ गते/जुलाई १२ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



हाल अमेरिका बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री कुमार चौहान ४६ वर्षको उमेरमा भाद्र २८ गते/सेप्टेम्बर १३ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



हाल अमेरिका बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री अनिल श्रेष्ठ २७ वर्षको उमेरमा असोज ३ गते/सेप्टेम्बर १९ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



भोटे बहाल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती निर्मला प्रधान ६८ वर्षको उमेरमा असोज ६ गते/सेप्टेम्बर २२ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १८ 4<br>वर्तमान समयमा देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>२ तिमोथी ४:१-५ | २५ 11<br>देशका सबै जातिहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | २ 18<br>सेवा संगतिको महत्त्व बुझी आफै पनि साथै अरूहरूलाई पनि सेवा संगतिमा साथै आराधना सेवामा सहभागी हुनको लागि उत्साह दिनेहरू हुन सकौं ।<br>हिब्रू १०:२४-२५ | ९ 25<br>नेइमअन्तर्गतका शाखा आवद्ध मण्डली तथा संगतिहरूको सेवक/सेविका, मण्डली र सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३७:३-७, ११ | १६ November 1<br>हामी सबै एक मात्र सत्य जीवित पवित्र परमेश्वरको सधैं आराधना गरिरहन सकौं ।<br>भजनसंग्रह १४८:१-१३ |
| **सोमबार**<br>Monday | १९ 5<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना गर्नको लागि परमश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>मत्ती ६:८-१० | २६ 12<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | ३ 19<br>सम्पूर्ण विश्वासीहरू एउटाले अर्कोलाई वास्ता गर्ने, सहायता पुऱ्याउने र प्रेम गर्नेहरू भइरहन सकून् ।<br>यूहन्ना १३:३४-३५ | १० 26<br>परमेश्वरको महिमाको लागि सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ | १७ 2<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ |
| **मंगलबार**<br>Tuesday | २० 6<br>वर्तमान समयमा मण्डलीको जीवनमा जागृति, चंगाई, छुटकारा, आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>यशैया ३५:३-७, १ कोरिन्थी २:९ | २७ 13<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रहन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>रोमी ८:३७-३९ | ४ 20<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | ११ 27<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएका हरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १८ 3<br>वर्तमान संसारका क्षणिक कुरा हरूमा होइन तर ख्रीष्ट येशू प्रभुमा पाएका सबै आशिषहरूमा रमाउनेहरू हुन सकौं ।<br>फिलिप्पी ४:४-९ |
| **बुधबार**<br>Wednesday | २१ 7<br>हामी विश्वासीहरू परमेश्वरको वचन पढ्ने, सुन्ने, सिक्ने मात्र नभई वचनअनुसार जिउनेहरू पनि हुन सकौं ।<br>हितोपदेश ४:४, मत्ती १३:८-९ | २८ 14<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३४ | ५ 21<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>१ थेसलोनिकी २:१०-१२ | १२ 28<br>भारतका मुम्बई, पुना लगायत अन्य शहरहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ६८:१९-२० | १९ 4<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ |
| **बिहीबार**<br>Thursday | २२ 8<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून् ।<br>गन्ती ६:२४-२६ | २९ 15<br>बाल संगतिका सबै शिक्षक शिक्षिकाहरूले बोझ दर्शन लिएर बालबालिकाहरूलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>२ तिमोथी ३:१४-१७ | ६ 22<br>आशिषित भएर जिउनको लागि दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १३ 29<br>परमेश्वरले दिनुभएका सबै बाल बालिकाहरू साथै छोराछोरीहरूको पढाइ, पालन पोषणको साथै आत्मिक कुराहरूमा पनि ध्यान पुऱ्याउने हरू हुन सकौं ।<br>व्यवस्था ११:१८-१९, एफिसी ६:४ | २० 5<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ८५:१२, याकूब १:१७ |
| **शुक्रबार**<br>Friday | २३ 9<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>एफिसी ५:१५-२१ | ३० 16<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ५:६ | ७ 23<br>संसारका देवहरूले बन्द बनाएका मानिसहरूको समझ खोलिएको होस् भनी प्रार्थना गरौं ।<br>२ कोरिन्थी ४:४, १०:३-५ | १४ 30<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | २१ 6<br>प्रभुले थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना लागिपर्न सकौं ।<br>प्रेरित ११:२१-२६ |
| **शनिबार**<br>Saturday | २४ 10<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | १ कार्तिक 17<br>विभिन्न माध्यमद्वारा सञ्चालित सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित १:८, २:४२-४७ | ८ 24<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं ।<br>२ तिमोथी ३:१४-१६ | १५ 31<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून ।<br>रोमी १२:६-८ | २२ 7<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**"तर त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ । त्यो पानीको किनारमा रोपेको रूखजस्तो हुनेछ, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिँजाएको हुन्छ । गर्मी हुँदा त्यो डराउँदैन, त्यसका पातहरू सधैँ हरियै हुन्छन् । खडेरीको समयमा त्यसलाई केही चिन्ता हुँदैन, र त्यसले फल फलाउन कहिल्यै चुक्दैन ।"**

**यर्मिया १७:७-८**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,